



Principal

PRINCIPAL

# प्रक्रिया सामयिक विविधविषयक जर्नल
## विषयसूची


सम्पादकीय/५
[विविध लेख]
(१) ☐ प्रक्रिया डेस्क : प्रसप्र सिकताम/७
प्रेमसिंह तामाङ गोलेका कविताहरू
(२) ☐ विश्वकवि रवीन्द्रनाथ : नोबेल पुरस्कार समारोहमा विश्वकवि कविगुरु रवीन्द्रनाथ ठाकुरको सम्भाषण/११
विश्वकवि कविगुरु रवीन्द्रनाथ ठाकुरका कविताहरू
(३) ☐ डा. विद्यानाथ कोइराला : स्रोत खोज्ने मेलो/१६
(४) ☐ इन्द्रबहादुर राई : पारसमणिज्यू : सन्दर्भमा दार्जिलिङमा नेपाली भाषाको मानकीकरण/१८
(५) ☐ वीरभद्र कार्कीढोली : भारतीय नेपाली भाषाको प्रसङ्गमा सम्झिन्छु आदिकवि/२२
(६) ☐ डा. महेश मास्के : पारिजात र नारीवाद/२९
(७) ☐ डा. सुकृता पाल कुमार : कुर्रतुलऐन हैदरको "आग का दरिया"-मा युगसन्धिहरू/३५
(८) ☐ प्रेम प्रधान : कवि मदन ओझा र उनको कवि व्यक्तित्व/३९
(९) ☐ सुनीता राई कन्दङ्वा : कवि देविका मंग्राती राईका 'फागुन ! तिमी फर्किआउनु : एक दृष्टि/४३
(१०) ☐ रुद्र बराल : सुभद्रा बमजनको 'स्फूट स्वरहरू'-मा फक्रिएका अभिव्यक्तिहरू/४६
(११) ☐ कानजी पटेल : गुजराती साहित्य : वर्तमान दृश्य – संक्षिप्त विवेचना/५०

[कविता]
(१२) ☐ प्रेमनाथ मनेन : एन्जल, त्यति बेला मलाई तिम्रो मुटुमा बास चाहिन्छ/५३
(१३) ☐ विष्णु राणा : नोस्टल्जिया : गाउँ जान यो मन हतारिरहेछ/५५
(१४) ☐ राम शाह : कस्तो मान्छे/छद्मरूपी मान्छे/चाहिएको छ/५६
(१५) ☐ तुल्सीराम फुल्लेल : कहाँ बिर्सूँला/फूलजस्तै बनौं/ /५७
(१६) ☐ अजय चामलिङ : धेरै दिनपछि .../"म"-लाई बाँच्न नदिने लक्षणहरू/५८
(१७) ☐ अनामिका : नदी/सम्बन्ध/डर/५९
(१८) ☐ डा. सन्तोष खन्ना : कहिले आउने ?/आशा/६०

[कथा/लोककथा/विविध लेख/एकाङ्की नाटक]
(१९) ☐ बलराम : शुभ दिन/६१
(२०) ☐ जमीन राई : कामछिरीको कथा/६५

(२१) ☐ शिवकुमार नेपाल : महाराणाप्रताप महाकाव्यमा रस प्रवाह/६८
(२२) ☐ पुन राई : अजम्बरी : कृपाशाल्यण राई/६७
(२३) ☐ सन्तोष राई (हाङखीम) : कृपाशाल्यण जयन्ती : पृष्ठभूमि/७२
(२४) ☐ डा. गीता त्रिपाठी : सँगसँगै हिँडेको पाइला याद आउँछन्/७४
(२५) ☐ थमन नौवाग : कस्ता मान्छे/७७
(२६) ☐ मोमिला : नायक भूमिकामा उनी/७९
(२७) ☐ डा. अशोक कु.'मंगलेश' : वीरभद्र कार्कीढोलीको मोड़ से मोड़ तकमा सामाजिक-सांस्कृतिक परिवेश .../८१
(२८) ☐ डा. दिवाकर प्रधान : जनगणना हुँदा लेखौं मातृभाषा "नेपाली"/८३
(२९) ☐ डा. वासुदेव पुलामी : जाज्वल्यमान समालोचक गुमानसिंह चामलिङ/८७
(३०) ☐ आहुति : दलित : हिन्दु समाजका पहिलो वैज्ञानिक/९१
(३१) ☐ उद्धवगोपाल श्रेष्ठ : सिक्किमेली सन्दर्भमा "रत्नश्री" – साहित्यको प्रिय देउराली/९५


Principal
Kalipada Ghosh Tarai Mahavidyalaya
PRINCIPAL
Kalipada Ghosh Tarai Mahavidyalaya
Bagdogra

[मूल्याङ्कनपरक परिचिति]



# जाज्वल्यमान समालोचक आ. वि. गुमानसिंह चामलिङ

□ प्रा. डा. वासुदेव पुलामी, बागडोगरा कलेज

गुमानसिंह चामलिङको जन्म १२ अप्रेल १९४२ का दिन टिस्टा बजार, दार्जीलिङमा भएको हो ।[1] साठीको दशकदेखि सक्रिय रूपमा साहित्य सिर्जनामा लागेका आ. वि. गुमानसिंह चामलिङका बुवा स्व. श्री गौरीमान चामलिङ तथा मुमा स्व. श्रीमती दौलतमाया सोताङको छोरो, सानु उमेरदेखि प्राय: रोगी भइरहने हुँदा ग्रहदश जाप गराउँदै नामको अघि आउने आ. वि. (आदित्य विक्रम) वास्तवमा उनको चिनाको नवठधाम हो ।[2] प्रारम्भमा कविता लेखनबाट साहित्यिक यात्रा सरु गरे तापनि उनी मूलत: एक वरिष्ठ समालोचकका रूपमा स्थापित छन् । यसका साथै उनका एक सशक्त कवि, निर्भीक पत्रकार, सुदक्ष सम्पादक, शक्तिशाली वक्ता पनि थिए । उनले राजनीतिशास्त्रमा स्नातकोत्तर, हिन्दी साहित्यरत्न अनि संस्कृतमा शास्त्री पास गरेका थिए । यसअतिरिक्त, प्राचीन ग्रीक र ल्याटिन भाषाको ज्ञान उनमा थियो । उनलाई एरिस्टोटलका विशेष अध्येता पनि मानिन्छ ।

समालोचक घनश्याम नेपाल लेख्छन्, "भारतीय नेपाली समाजले जन्माएर युग युगका विभिन्न प्रतिभाहरूको लहरमा उभिने एउटा प्रतिभाको नाम हो गुमानसिंह चामलिङ । टाइ, सुट र नेपाली टोपीमा जहिले पनि ठाँटिएर चिटिक्क परेर हिँड्ने चामलिङ दार्जिलिङले जन्माएका र भारतीय नेपाली समाजले पाएका एउटा गहना थिए । अनमोल रत्न थिए । कवि गुमानसिंह चामलिङ, आलोचक गुमानसिंह चामलिङ र वक्ता गुमानसिंह चामलिङ दार्जिलिङले खुबै नजिकबाट चिनेको हो । सँधै जहाँ पनि चोखो, शुद्ध र शिष्ट नेपाली भाषामा कुरा गर्ने चामलिङ नेपालीपनको एउटा स्पष्ट चित्र नै थिए । कविका रूपमा भन्दा बढ़ी वक्ताका रूपमा अनि वक्ताको रूपमा भन्दा धेर आलोचकका रूपमा उनी चर्चित र प्रशंसित रहे ।"[3]

उनले जीविकोपार्जनका निम्ति कहिल्यै मरिमेटेनन् । यथार्थमा उनको भित्री चाहना नेपाली समाज, जाति, भाषा र साहित्यका केही गरेर देखाउनमा रहेको देखिन्छ । उनको साहित्यसेवी व्यक्तित्व र सामाजिक राजनीतिक क्रियाकलाप समानान्तर रूपमा रहे पनि प्राज्ञिक व्यक्तित्वका सामु सामाजिक क्रियाकलाप ओझेलमा परेको देखिन्छ । यद्यपि भारतीय संविधानको आठौं अनुसूचीमा नेपाली भाषाले मान्यता पाउनपर्छ भन्ने एक भाषा आन्दोलनकारीदेखि, 'भाषा सङ्घर्ष समिति' तथा 'नेपाली भाषा प्रयोग गर अभियान समिति'-जस्ता सङ्घमार्फत उनले अनेक सामाजिक कार्यहरू गरेका छन् ।



*कवि/समालोचक गुमानसिंह चामलिङ*

यसरी हर्दा गुमानसिंह चामलिङ भाषा, साहित्य र जातिका उन्नतिका निम्ति व्यवहारिक रूपमा मरिमेट्ने व्यक्तिका रूपमा चिनिन्छन् । नेपाली भाषा, साहित्य र समाजका क्षेत्रमा विशिष्ट यो गदान पुऱ्याएबापत चामलिङ **रत्नश्री स्वर्ण पदक**, नेपाल (वि.स. २०२५), **रेडियो नेपाल पुरस्कार** (वि.सं. २०२५), **साहित्य अकादमी पुरस्कार** (सन् १९७९), **महानन्द सापकोटा पुरस्कार**, नेपाल (वि. सं. १९८५), डुवर्स साहित्य पदक, डुवर्स (सन् १२९८६) र **आशारानी निर्माण पुरस्कार**, गान्तोक (सन् २०००)-बाट विभूषित भएका थिए ।

नेपाली साहित्यमा गुमानसिंह चामलिङको कवि व्यक्तित्व उनको समालोचक व्यक्तित्वभन्दा जेठो देखिन्छ । अत:, कृतित्वका दुई भिन्न व्यक्तित्वले रेखाङ्कन गरेको समानान्तरमा सदा अवस्थित छन् – गुमानसिंह चामलिङको । यस दृष्टिले हेर्दा गुमानसिंह चामलिङ कोमल भावनाका संवेदनशील कविबाट गम्भीर र उच्च बौद्धिक चिन्तनका साहित्यालोचक हुन पुगेका व्यक्तित्व हुन् । उनका प्रथम प्रकाशित कविता आत्माको अन्तिम अनुनय हो जो उनकै सम्पादनमा सम्पादित "साहित्य सङ्गम"-को प्रवेशाङ्क (दिसम्बर



Principal

१९५१)-मा प्रकाशित भएको मानिन्छ। उनको कवि र समालोचक व्यक्तित्वमाझ उछिन्ने र पछि पार्ने प्रतिस्पर्धा रहेजस्तो देखिए पनि ती एकअर्कामा एकदेखि अर्को पराजित र पलायन भएनन् बरु अधिपछि हुँदै बढेको देखिन्छ। उनका प्रकाशित मौलिक, सङ्कलित, सम्पादित काव्यकृति र समालोचनात्मक कृतिहरू यस प्रकार छन् –

क) मौलिक कृति

१. जीवन परिधिभित्र (कविता सङ्ग्रह, सन् १९६२)
२. अन्तर्द्वन्द्व (कविता सङ्ग्रह, सन् १९६४)
३. सूर्य उदाउनुभन्दा पहिले (कविता सङ्ग्रह, सन् १९६८)
४. कारागारभित्र प्रतीक्षा र अन्य कविता (कविता सङ्ग्रह, सन् १९७८)।

ख) समालोचनात्मक कृति

१. मौलो (समीक्षात्मक वार्ताहरूको सङ्गालो, सन् १९७८)
२. एरिस्टोटल र उनको काव्यशास्त्र: पेरी पोइएतिक्स, सन् १९८२)
३. एरिस्टोटल र उनको काव्यशास्त्र (भूमिका, सन् १९९५)
४. कविवर भानुभक्त आचार्यको उपाधि र आदिकवित्वको प्रश्न (सन् १९९७)।

ग) सम्पादन

१. साहित्य सङ्गम (द्वैमासिक पत्रिका, सन् १९५९-६१) बिजनबारी, दार्जीलिङ।
२. प्रतिध्वनि (सन् १९६२) अखिल भारतीय नेपाली साहित्य परिषद्, दार्जीलिङ।
३. आवाज (पाक्षिक समाचार पत्र सन्१९६३-६६), दार्जीलिङ
४. मनन (समीक्षाप्रधान जर्नल, सन १९८२), दार्जीलिङ।

समालोचना यात्रा

भारतीय नेपाली समालोचना क्षेत्रमा युग समालोचक रामकृष्ण शर्माको उदय भएपछि नेपाली साहित्यालोचनाले अग्रगति समातेको अधिकाङ्श साहित्येतिहासकारहरूले बताएका छन्। नेपालमा यिनका समकालीन आलोचकहरूमा रत्नध्वज जोशी, कृष्णचन्द्रसिंह प्रधान, कमल दीक्षित, ताना शर्मा आदि हुन्। शर्माअघि देखिएका प्रशंसामूलक गुणगानपूर्ण र भावात्मक समीक्षाको स्तरमा रहेको नेपाली साहित्यालोचना परम्पराले शर्माको आगमनपछि कृतिपरक गुण-दोष विवेचनात्मक र विश्लेषणात्मक रूप लिएको देखिन्छ। यिनै समालोचक रामकृष्ण शर्माले खनेका गोरेटोलाई अझ फराकिलो बनाएर लैजाने क्रममा गुमानसिंह चामलिङ प्रमुख रूपमा देखा पर्छन्।[४]

समालोचक गुमानसिंह चामलिङले पूर्वीय र पाश्चात्य काव्य शास्त्रीय मूल्य मान्यतालाई आफ्ना साहित्यालोचनाको पृष्ठभूमि बनाउने प्रयत्न गरे तापनि उनी रामकृष्ण शर्मा र इन्द्रबहादुर राईका सम्मिश्रण परम्परा र परिपाटीकै साहित्यालोचक हुन्। उनको समालोचनामा निर्भीकता, निष्पक्षताजस्ता विशेषता पाइन्छन्। निर्भीक हक्की हुनु नै साहित्यालोचकको धर्म र विशेषता मान्ने प्रकृतिका यिनमा विकसित रूप देखिन्छ। यस दृष्टिले, रामकृष्ण शर्मा, तारानाथ शर्मा, गणेशबहादुर प्रसाईं र गुमानसिंह चामलिङ एउटै गोठभित्र पर्दछन्। यिनीहरू आलोचकको व्यक्तित्वमा "भयङ्करता"-को बिम्ब उतार्न खोज्छन्। चामलिङको पुस्तकको नाउँ मौलोबाट पनि यो कुरा ध्वनित हुन्छ।[५]

साहित्यालोचनका क्षेत्रमा समालोचक गुमानसिंह चामलिङका जम्मा चारवटा कृतिहरू प्रकाशित छन्। यीमध्ये **मौलो** समीक्षात्मक वार्ताहरूको सङ्गालोका निम्ति उनी सन् १९७९ को साहित्य अकादमी पुरस्कारद्वारा सम्मानित भएका थिए। पूर्वीय र पाश्चात्य समालोचना सिद्धान्तलाई समानुपातमा ग्रहण गरेर उच्च आधुनिक साहित्य अवधारणा, व्याख्या, विवेचना, मान्यता र स्थापना चिन्तन मननले गर्दा नै गुमानसिंह चामलिङका समालोचनात्मक कृतिहरू उत्कृष्ट र उच्चतर कोटिका बन्न पुगेका छन्।

मौलोभित्रका सङ्कलित समीक्षात्मक वार्ताहरूलाई वार्ताहरू मात्रै होइनन् तर समालोचनात्मक पद्धतिको सशक्त उदाहरण पनि मान्न सकिन्छ। पूर्वीय समालोचना सिद्धान्तका रसानुभूति, काव्यानन्द र रस सिद्धान्तदेखि संस्कृत साहित्यका गीतिकाव्यको परम्पराबारे विशद चर्चा गर्दै काव्यका प्रमुख पक्ष ध्वनि र रसलाई मान्दै गीतिकाव्यका मुख्य रूप गीति, उपगीति, उद्गीति र आर्यगीतिबारे व्यापक अध्ययन र विश्लेषण पनि गरेका छन्। यसका साथै नेपाली व्याकरणगत एकीकरण एवम् मानस्तरीकरणको समस्या, साहित्यिक समालोचना: अर्थ, प्रक्रिया र केही तथ्य, युगबोध मानदण्ड र समालोचना, साहित्यिक अध्येता, पाठक, स्रष्टा र समालोचक, कवि भानुभक्त आचार्यको उपाधि र आदिकवित्वको प्रश्न, दार्जीलिङे कथा-साहित्यको पहिलो डेढ दशक, प्लेटोका नकारात्मक काव्य सिद्धान्त संक्षिप्त विवेचन, एरिस्टोटलको काव्यशास्त्रगत अपूर्णता र त्यसका कारण, कवि *अगमसिंह गिरी* आदि जस्ता शीर्षकमा उनको समालोचनात्मक दृष्टिचेत गम्भीर र तार्किक देखिन्छ। अत:, यी वार्तायुक्त समालोचनाहरूमा उनले तर्कसम्मत निर्णायक प्रस्तुति दिँदै तुलनात्मक, अन्वेषणपरकसाथै ऐतिहासिक तथ्यहरूको उद्घाटन र गुण-दोषको मानदण्ड निर्धारण गरेका छन्। यसैले उनका समालोचनामा वस्तुनिष्ठताको धरातल पाइन्छ।

एरिस्टोटल र उनको काव्यशास्त्र (पेरीपोइटिक्स) नामक अर्को पुस्तकमा उनले पाश्चात्य काव्यशास्त्री एरिस्टोटलका काव्यशास्त्रगत

अपूर्णता र त्यसका कारणहरू खुट्याएका छन् । अत: ग्रीसेली विभिन्न रचना र शास्त्रहरूको सान्दर्भिकता दर्शाउँदै एरिस्टोटलकै पोइटिक्सको पन्ध्रौं अध्यायको पुछारको लेखको आधारमा विभिन्न विज्ञ अनुवादकहरूले पनि प्रकाशित रचना भनी उल्था गर्दै आएका कुरा प्रस्टाएको छ र काव्यशास्त्रलाई एरिस्टोटलको अन्तिम रचना भनिएको छ । आलोचक चामलिङले यस पुस्तकमा मूल रूपमा तीन तथ्यलाई प्रस्तुत गरेका कुरा विकास थुलुङले बताएका छन् – पहिलो, एरिस्टोटलको काव्यशास्त्र 'एकदेदमेनो' वा 'एक्सोतेरिकोइ', अर्थात् प्रकाशित रचना होइन तर 'एसोतेरिक' वा अप्रकाशित रचना हो । दोस्रो पुस्तक काव्यशास्त्रको रचना 'लाउकेउम'-मा उनको अध्यक्षताको अवधिभित्र ३३४-३२२ ईश्वीपूर्वबीच, अर्थात्, त्रिपन्नदेखि एकसट्ठी वर्षभित्रको उनको उमेरमा भएको हो र यो एरिस्टोटलका अन्तिम रचनाहरूमध्ये एउटा देखिन आउँछ । तेस्रो, यसैले पनि यसमा व्यावहारिक दृष्टिकोणको आधिक्य भई सोही-अनुसार ढलौट भएको छ ।[६]

यसप्रकार, एरिस्टोटलको काव्यशास्त्रगत अपूर्णता साथै विरेचनको उठान मात्र भएको देखाउँछन् आलोचक चामलिङ । एरिस्टोटल र उनका काव्यशास्त्र पेरिपोइटिक्सकै अर्को संस्करणमा चामलिङले आफ्ना तार्किक मानदण्डलाई अझ स्पष्टाउँदै एरिस्टो-टल र उनको काव्यशास्त्र (भूमिका) पुन: सन् १९९५ मा प्रकाशित गरेको पाइन्छ ।

समालोचक गुमानसिंह चामलिङको अर्को समालोचनात्मक कृति – भानुभक्त आचार्यको आदिकवि उपाधिसम्बन्धी उठ्ने मत मतान्तरका कारणहरूको स्रोत पहिल्याए । नेपाली साहित्यमा आफ्नो समालोचकीय दृष्टिकोण अझ फराकिलो बनाएका छन् । कवि भानुभक्तलाई आदिकविको उपाधि दिलाउनैका निम्ति मोतीराम भट्टले कवि भानुभक्तका जीवन चरित्र लेखेका हुन् वा होइनन् सोबारे विस्तृत अध्ययन हुनुपर्ने कुरामा चामलिङले सङ्केत गरेका बुझिन्छ। आदिकविको बारेमा स्पष्टत: पक्षमा उभिनेहरूमा मोतीराम भट्टलाई छाडी सूर्यविक्रम ज्ञवाली, भाइचन्द्र प्रधान, पारसमणि प्रधान प्रभृति विद्वान् साहित्यकारहरू थिए भने विपक्षमा दीनानाथ सापकोटा, हृदयचन्द्रसिंह प्रधान, रामकृष्ण शर्मा, शिवराज शर्मा प्रभृतिका पारखी साहित्यकारहरू रहेका थिए । यी दिग्गजहरूबाहेक, पछिबाट अन्य धेरै समन्वयवादी समालोचकहरू पनि देखिए । यद्यपि चामलिङले इमानदारीसित तर्कसम्मत र वैज्ञानिक ढङ्गबाट सम्पूर्ण नेपाली साहित्यका पाठक एवम् समालोचकहरूले यसको समाधानमा जुट्नुपर्ने कुरामा जोड दिएका छन् । निचोडमा उनले पनि भानुभक्त आचार्यको आदिकवि उपाधिमाथि बलियो तर्क प्रस्तुत गरेका छन् । प्रस्तुत पुस्तकमा उनको भनाइलाई अझ पुष्टि गर्न परिशिष्टमा मत्स्येन्द्र प्रधान, वासुदेव त्रिपाठी, शिवराज शर्मा, घनश्याम नेपाल अनि हस्त नेचाली आदिका आदिकवित्वबारे लेखहरू समाविष्ट छन् ।

**समालोचनात्मक प्रवृत्ति र विशेषता**

समालोचक गुमानसिंह चामलिङ आफ्नो क्षेत्रमा स्थापित र सम्मानित भए तापनि समालोचनाको सन्दर्भमा उनको यस्तो भनाइ छ – अहिलसम्म पनि आफूलाई कवि वा लेखक ठान्दिनँ, आलोचकको त कुरै छाडिदिनुहोस्, म साहित्यको विद्यार्थी हुँ, हिपोक्रिट होइन ।[७] यसरी स्वयंलाई समालोचक तथा लेखक हुनबाट पन्छाए तापनि उनी नेपाली साहित्य जगत्‌का जन्मजात कवि तथा समालोचक थिए । नेपाली साहित्यालोचनाको क्षेत्रमा उनको आफ्नै किसिमको योगदान छ ।

समालोचक गुमानसिंह चामलिङ पूर्वीय र पाश्चात्य दुवै साहित्य सिद्धान्तका मनोयोगी अध्येता थिए । उनले दुवै थरिका साहित्य सिद्धान्तहरूबाट आफ्नो समालोचनात्मक दृष्टिचेत ग्रहण गरेका पाइन्छ। यस दृष्टिले उनमा शास्त्रीय (परिष्कारवादी) समालोचनाको प्रभाव रहेको मान्न सकिन्छ । पाश्चात्य समालोचनाम एरिस्टोटल आफ्नो समयमा उपलब्ध साहित्यिक कृतिका आधारमा काव्य शास्त्रको निर्माण गरेका थिए र उत्तरवर्ती रोमेली समालोचक, पुनर्जागरणकालका समालोचक एवम् सत्रौं शताब्दीका फ्रान्सेली समालोचक लन्जाइनस आदिका काव्यशास्त्रको आधार ग्रन्थ मानी काव्य विवेचनमा जोड दिएका थिए। आलोचक गुमानसिंह चामलिङले एरिस्टोटलका काव्यशास्त्रको विवेचनात्मक अध्ययन प्रस्तुत गर्दै शब्द चमत्कार, पदविन्यास, छन्द औचित्यजस्ता काव्यका बाहिरी गुणका आधारमा पूर्वीय काव्यशास्त्रमा एको नाट्यशास्त्र, भामहको काव्यालङ्कारजस्ता कृतिलाई पनि आधार ग्रन्थ मानी त्यसैअनुरूप छन्द, शब्दशक्ति, अलङ्कार, भाषा, रस ध्वनि र रीतिजस्ता काव्य तत्त्वको प्रयोग गरी कृतिको विवेचनात्मक अध्ययन प्रस्तुत गरेको पाइन्छ । शास्त्रीयवादी समालोचना पद्दतिमा पनि सामालोचक गुमानसिंह चामलिङको मौलिकपन भने रहेकै मान्न सकिन्छ ।

समालोचक चामलिङका समालोचनात्मक कृतिहरूको अध्ययन गर्दा उनमा प्रभाववादी तुलनात्मक र निर्णयात्मक समालोचनाका प्रभाव पनि पाइन्छ । कुनै पनि कृति पढेर त्यसको प्रभावको आधारमा तत्काल आफ्नो रुचि, ज्ञान, दर्शन र दृष्टिकोण दिएर कृतिको मूल्याङ्कन गर्नु तथा त्यसको निर्णयमा पुग्न सक्नु – समालोचक गुमानसिंह चामलिङको समालोचनाको विशेषता मान्न सकिन्छ । उनका तार्किक क्षमतामा प्रबल विचारका सघनता र निर्भीकताका कारण उनका समालोचनात्मक रचनामा निर्णयात्मक गुण रहेको पाइन्छ । अत: कसैलाई काँच र कसैलाई मणि बनाउने प्रवृत्ति उनमा पाइँदैन ।[८]

समालोचक चामलिङले सैद्धान्तिक समालोचनात्मक पद्दतिका अनुसरण गरी अनुसन्धानात्मक, व्याख्यात्मक र विश्लेषणात्मक

# SIKKIM AKADEMI
## सिक्किम अकादेमी

सिक्किम अकादेमीको पुस्तकालयमा आफ्नै प्रकाशनसहित धेरै उपयोगी पुस्तकहरू उपलब्ध छन्। तीमध्ये भर्खरै लोकार्पण गरिएका निम्न पुस्तकहरू पनि पठन–पाठनका निम्ति राखिएका छन्।

क. अकादेमी जर्नल – २०२२

ख. नेपाली पारम्परिक संस्कृति र सभ्यताको ढुकुटी।

ग. परम्परागत सोह्र संस्कार

घ. तामाङ जातीय चिन्हारी : एक झलक

ङ. **Role and Contribution of Nepali/Nepali Speaking Indians in the Making of Modern India.**

च. **Intangible Heritage.**

समस्त इच्छुक विद्यार्थी तथा शोधार्थीहरूले यस पुस्तकालयबाट लाभ आर्जन गर्न सक्नु हुनेछ। यी पुस्तकहरू तथा अकादेमीको प्रगति पनि **Website:www.sikkimakademi.in** मा हेर्न सकिनेछ।

# सिक्किम अकादेमी